# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके

Google Plus Code
5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश,
नेपाल

प.सं.: २०८२/०८३

च.नं.

मिति : २०८२/१०/१९

**निजी जग्गामा वृक्षारोपन/कृषिवन स्थापनाका लागी अनुदान दिइने सुचना**

समृद्धिका लागी वन परियोजना अन्तर्गत कोहलपुर नगरपालिकाको आ.व.२०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम निजि जग्गामा लैङ्गिक सुविधा (महिला दलित तथा विपन्न वर्गलाई प्राथमिकता) सहितको वृक्षारोपन/कृषिवन स्थापनाको लागि अनुदान कार्यक्रम अन्तर्गत निजि जग्गामा वृक्षारोपन/कृषिवन स्थापना गर्न इच्छुक लक्षित समुहका नागरिकलाई आफुले चाहेका वनजन्य प्रजातिका कम्तीमा १०० विरुवा वृक्षारोपन गर्न अनुदान उपलब्ध गराउने हुंदा इच्छुक व्यक्ति/कृषि सहकारी/कृषि वन समुह तथा कृषक समुहहरुलाई यो सुचना प्रकाशन भएको मितिले २० दिनसम्म (मितिः२०८२/११/१०) गतेसम्म यस कार्यालयमा तपशिलका कागजात संलग्न राखी दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. कार्यक्रममा सहभागी हुन इच्छुक रहेको माग निवेदन
२. वृक्षारोपन गर्न चाहेको वन्यजन्तु प्रजाति र संख्या
३. नेपाली नागरिकताको प्रतिलिपीं
४. जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपि, मालपोत तिरेको रसिद
५. कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि
६. समुह वैठकको निर्णयको प्रतिलिपि

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

श्री सुचना तथा प्रविधि शाखाः कार्यालयको वेवसाइटमा अपलोड गरिदिनुहुन।

विस्तृत जानकारीका लागी कोहलपुर नगरपालिका वन प्राविधिक उर्मिला चन्द(९८४२६८९२८३) र नगर प्रहरी प्रमुख बिर बहादुर थापा(९८५८०९००३५) सँग सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

info@kohalpurmun.gov.np, esc@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun

Scanned with CamScanner